# नागरिक प्रतिरोध : पहिलो एक नजर

## Civil Resistance: A First Look

*International Center on Nonviolent Conflict,* 2011
Translation: Yogita Rai; Editor: Suman Parajuli, 2018

## नागरिक प्रतिरोध : पहिलो एक नजर

### नागरिक प्रतिरोध के हो ?

नागरिक प्रतिरोध सामान्य जनताहरुका लागि हिंसाको प्रयोग नगरिकनै आफ्नो अधिकार, स्वतन्त्रता र न्यायको लागि लड्ने एक तरीका हो । नागरिक प्रतिरोधमा संलग्न मानिसले सामाजिक, राजनीतिक, आर्थिक लगायतका क्षेत्रहरुमा व्यापक परिवर्तनका लागि विविध युक्तिहरु जस्तै बन्द, हडताल, बहिष्कार, बृहत प्रदर्शन तथा अन्य विधिहरु प्रयोग गर्दछन्। संसारभर, नागरिक प्रतिरोधलाई अहिंसात्मक संघर्ष, प्रत्यक्ष विधि, जनताका शक्ति, राजनीतिक अवज्ञा र नागरिक परिचालन जस्ता विभिन्न नामले सम्बोधन गरिन्छ । तथापी जुनसुकै शब्द प्रयोग भएता पनि नागरिक प्रतिरोधको आधारभूत प्रक्रियाहरु मूलतः समान रहन्छ ।

नागरिक प्रतिरोध आन्दोलनहरु शक्तिशालि हुन्छन् किनभने तिनीहरुले स्वतन्त्र र निष्पक्ष समाजको नयाँ परिकल्पना प्रदान गर्दै र सम्भवतः पुरानो प्रणाली लागू गर्ने मानिसहरुको वफादारी प्राप्त गर्दै दमनको विरुद्ध बृहत सहभागिता सिर्जना गर्दछन् । जब जनताले अन्यायपूर्ण शासक प्रतिको सहयोगलाई अन्त्य गर्न चाहान्छन्, त्यो व्यवस्था संचालन गर्न धेरै नै महँगो पर्न जान्छ । जब पर्याप्त जनताहरुले अवज्ञा छनौट गर्दछन्, त्यो व्यवस्था दीर्घकालीन हुन सक्दैन् र त्यो व्यवस्था परिवर्तन हुनुपर्छ या त ढल्नुपर्छ । नागरिक प्रतिरोधको विपक्षीहरु जति नै शस्त्र र स्रोतले भरिपूर्ण भएतापनि प्रायः अहिंसात्मक अवज्ञाको रणनीतिक र व्यापक कृयाकलापहरुद्वारा सिर्जीत निरन्तरको बृहत अवज्ञा र नागरिक अवरोधको सामना गर्न सकेका छैनन् ।

> "संघर्षमा मुख्य कुरा भनेको ध्यानाकर्षण पाउनु हो । एउटा कुनामा बसेर संघर्ष गर्नु जहाँ तपाईंलाई कसैले ध्यान दिदैन भने त्यो एउटा बेकारको प्रयास हो । यदि तपाई संघर्ष गर्नुहुन्छ भने तपाइले सकेसम्म अरुको ध्यान आफनो उद्देश्यतर्फ खिच्न सक्नुपर्दछ । "
>
> **– म्खुसेली ज्याक, दक्षिण अफ्रिकाको रंगभेद बिरुद्धको उपभोक्ताद्वारा बहिष्कार अभियानको नेता**

यस कारणले धेरै नागरिक प्रतिरोध आन्दोलनहरु तथा अभियानहरु विविध विपक्षीहरु विरुद्ध पनि सफल भएका छन् । गत शताब्दीका हरेक दशकमा, ६ वटै महादेशहरुमा अहिंसात्मक रणनीतिहरु प्रयोग गरेका लोकप्रिय आन्दोलनहरुले दमनकारी सत्ता ढालेका थिए, सफलतापूर्वक सैन्य कब्जाको प्रतिरोध गरेका थिए र आफ्नो समाजमा बृहत्तर न्याय र स्वतन्त्रता ल्याएका थिए । उदाहरणको लागि, दक्षिण अफ्रिकाको रङ्गभेदको अन्त्य गर्नका लागि नागरिक प्रतिरोध महत्वपूर्ण थियो, संयुक्त राज्य (अमेरिका) मा महिला अधिकार, नागरिक अधिकार र श्रमिक अधिकारको प्रगतिको लागि यसको प्रयोग भएको थियो, यसले फिलिपिन्स, चिली, इन्डोनेशिया, सर्विया र अन्य स्थानहरुका तानाशाहहरुलाई पदच्युत गराएको थियो, डेनमार्क र पूर्वी टिमोरमा विदेशी कब्जालाई रोक्न यसको प्रयोग भएको थियो, बेलायतबाट भारतको स्वतन्त्रता प्राप्तिको लागि यो उपयोगी रह्यो, यसले पूर्वी युरोपको छलपूर्ण निर्वाचनहरुलाई


उल्टाएको थियो, लेवनानमा सिरियन कब्जा समाप्त गर्यो, र अन्य स्थानहरुमा मानव अधिकार, न्याय र लोकतान्त्रिक स्वशासन स्थापना गर्न प्रयोग भएको थियो ।

**मुल अवधारणाहरु**

नागरिक प्रतिरोध राजनीतिक तर्कको एउटा स्वरुप हो । नैतिक अहिंसा सिद्धान्तहरुको एक संग्रह हो जसले हिंसाको प्रयोगलाई निषेध गर्दछ । भारतीय स्वतन्त्रता संघर्ष र संयुक्त राज्य अमेरिकाको नागरिक अधिकारहरुको आन्दोलन जस्ता केही सफल नागरिक प्रतिरोध आन्दोलनहरुका सहभागीहरुले नैतिक अहिंसाको प्रचार गरेका छन् । तर यसका अभ्यासकर्ताहरुले आफ्नो उद्देश्यको लागि अहिंसात्मक विधिहरुको पालना गर्नु आवश्यक छ, भन्ने कुरामा नागरिक प्रतिरोधको प्रयोग पटक्कै नीहित छैन । वास्तवमा, इतिहासभरमा,सम्भवतः यो सम्भव छ कि अधिकांश नागरिक प्रतिरोधीहरु नैतिक अहिंसाबाट उत्प्रेरित नभएका हुन सक्छ । बरु उनीहरु नागरिक प्रतिरोध नै उनीहरुको संघर्षका लागि एकमात्र वा सबैभन्दा प्रभावकारी साधन थियो भन्ने तथ्यबाट उत्प्रेरित थिए ।

**शक्तिको एकलवाद विरुद्ध बहुलबाद दृष्टिकोण**

धेरै समाजहरुमा शक्तिको प्रचलित अवधारणा एकलबाद छ (चित्र.१), जसको अर्थ आमजनता उनीहरुको सरकार र अन्य संस्थाहरुको सद्भाव, निर्णय र सहयोगमा निर्भर भएजस्तो देखिन्छ । शक्ति, उच्च ओहदामा रहेका केहि व्यक्तिहरुद्धारा सञ्चालित भएजस्तो देखिन्छ, जोसँग हिंसाको लागि प्रशस्त धन र क्षमता छ । शक्तिको एकलवादलाई स्वस्थाई, स्थायी र सजिलै परिवर्तन गर्न नसकिने रुपमा हेरिन्छ । तर, नागरिक प्रतिरोध एक फरक धारणामा आधारित हुन्छ , शक्तिको बहुलवादी दृष्टिकोणले (चित्र.२) व्याख्या गरेजस्तै, जसले सरकार र अन्य शक्ति प्रणालीहरु व्यापकरुपमा जनताको सहमति र स्वीकृतिमा आधारित हुन्छन् भनी हेर्दछ । बहुलवादी दृष्टिकोणमा शक्तिलाई समाजका धेरै वर्गहरुको सहभागिता र वैधतामा आधारित भएको देखिन्छ । यो अस्थायी हुन्छ, आफ्नो ताकतको लागि सधैं धेरै संस्था र मानिसहरुको सहयोगद्धारा प्रतिस्थापीत स्रोतहरुमा निर्भर हुन्छ । त्यसैले, राज्यका कार्यलाई अवरोध पुऱ्याउने आमनागरिकहरुहरुको व्यापक गठबन्धनलाई संगठित गर्ने मानिसहरुले यसलाई निष्कृय पार्न वा उल्टाउन सक्छन् भन्ने दृष्टिकोणको आधारमा नागरिक प्रतिरोध अन्दोलनहरुले आफ्नो रणनीतिहरु बनाउछन् ।







**वैध कार्य र अवैध कार्य**

नागरिक प्रतिरोधीहरुले इतिहासमा सयौं प्रकारका विभिन्न युक्तिहरु प्रयोग गरेका छन् । तिनीहरुलाई दुई भिन्न वर्गहरुमा व्यवस्थित गर्न सकिन्छ । वैध कार्यहरु त्यस्ता युक्तिहरु हुन् जसमा जनताहरुले सामान्यतयाः उनीहरुबाट अपेक्षित अथवा गर्नुपर्ने आवश्यक कार्य गर्न छोड्छन् । यस्ता कार्यहरुको उदाहरणहरुमा मजदुर हड्ताल, कर नतिर्नु र उपभोक्ता बहिष्कार पर्दछन । अवैध कार्यहरु त्यस्ता युक्तिहरु हुन् जसमा जनताहरुले सामान्यतया गर्न नहुने अथवा निषेधित कार्यहरु गर्न थाल्छन् । यस्ता

कार्यको उदाहरणहरुमा विरोध, बृहत प्रदर्शन, धर्ना र अन्य प्रकारका नागरिक अवज्ञाहरु पर्दछन् । यस्ता युक्तिहरुको रणनीतिक क्रमबद्धताले आन्दोलनका विपक्षीहरुका लागि यथास्थिति कायम राख्न महँगो बनाउँछ । यसले सामान्य मानिसहरुलाई प्रतिरोधमा सहभागी हुन प्रोत्साहन पनि गर्दछ, किनकि युक्तिहरुको दायरा विविध हुन सक्छ - उच्च जोखिम र न्यून जोखिम, सार्वजनिक र निजी, केन्द्रिकृत र विकेन्द्रीत - जसले समाजको धेरै भागहरुका मानिसहरुका सहभागितालाई सम्भव बनाउँछ ।

## एकता, योजना र अहिंसात्मक अनुशासन

सफल नागरिक प्रतिरोधका तीन प्रमुख सिद्धान्तहरु एकता, योजना र अहिंसात्मक अनुशासन हो । एकता समाजका विविध वर्ग र क्षेत्रको परिचालन गरी विकास गर्न सकिन्छ जसको सुरुमा विभिन्न गुनासोहरु हुनसक्छ जुन प्राप्त गर्न सकिने लक्ष्यसंग सम्बन्धित हुन्छ । योजना भनेको अभियान र युक्तिहरुको रणनीतिक क्रमबद्धता हो जुन कार्यन्वयनको लागि अवस्था र अवसरहरुको होशियार विश्लेषणमा आधारित हुन्छ । यसमा सम्भावित असफलताहरुको अनुमान र त्यसको लागि आकस्मिक योजनाहरु पनि समावेश हुन्छ । अहिंसात्मक अनुशासनले केवल अहिंसात्मक युक्तिहरु मात्र प्रयोग गर्ने रणनीतिक प्रतिबद्धता समावेश गर्दछ किनभने हिंसाले नागरिक सहभागितालाई घटाउँछ, आन्दोलनको वैधानिकतालाई हानि गर्दछ, अर्न्तराष्ट्रिय सहयोगलाई घटाउँछ र वफादारी परिवर्तनको अवसरलाई कम गर्दछ ।

## दश प्रश्नहरु

### १. कसरी नागरिक प्रतिरोधको प्रयोगद्वारा सामान्य जनताबाट शक्तिशाली शासकहरु पराजित हुन्छन्  ?

कुनै पनि शासक जन्मसिद्ध शक्तिशाली हुँदैन । शासकहरु तबमात्र शक्तिशाली हुन्छन् जब उनीहरुसंग तिनीहरुको समाजका हजारौं वा लाखौं जनताहरुको प्रत्यक्ष वा अप्रत्यक्ष समर्थन हुन्छ । शासकले नियन्त्रण कायम गर्नका लागि प्रहरी, सेना, न्यायपालिका र कर्मचारीहरुले आफ्ना काम गर्नैपर्दछ । समाजका जनताहरु नियमित रुपमा आफ्ना काममा जानैपर्दछ ,कर र दस्तुर तिर्नैपर्छ, र बजारबाट सामान किन्नैपर्छ जसले राज्यको स्वामित्व वा अनुमति प्राप्त व्यापारलाई सहयोग पुग्दछ । । यातायात र जहाजमा साथै संचार र उपभोग्य वस्तु सम्बन्धि काम गर्ने जनताहरुले सामाग्रीहरु ओसारपसार र सेवा दिने कार्य जारी राख्नैपर्छ । यी समूहहरु केवल केहि उदाहरणहरु मात्र हुन् जसको सहयोग शासन प्रणाली संचालनको लागि प्राय महत्वपूर्ण हुन्छ ।

यसलाई बुझ्रेर, नागरिक प्रतिरोध आयोजकहरुले त्यो सहयोगलाई कमजोर पार्ने तथा यथास्थीतिलाई टिकाउन कठिन बनाउनका लागि रणनीतिहरु विकास गर्दछन् । असन्तुष्टि तथा विरोध प्रदर्शनमा ठूलो संख्यामा मानिसहरुको परिचालनले शासकको वैधानिकता घटाउन सक्छ, विशेष गरी यदि आफ्नो अधिकारहरुको प्रयोग गरिरहेका जनता विरुद्ध दमन प्रयोग गरिन्छ भने । राज्यको नियन्त्रणलाई अवरोध गरिरहँदा, प्रतिरोधी आन्दोलनहरुले शासनव्यवस्था कायम राख्ने लागत बढाउन सक्छ - त्यस हदसम्म कि यसको रक्षकहरुले यसको भविष्यबारे प्रश्न गर्न थाल्छन । एकपटक उनीहरुको वफादारी कमजोर भएपछि  दमनको कुनैपनि रुप/प्रकार लागू गर्न कठिन हुन्छ ।

## २.नागरिक प्रतिरोध कसरी सुरु हुन्छ ?

धेरै सफल नागरिक प्रतिरोध अभियानहरु सर्वप्रथम साधारण मानिसहरुको प्रतिकार गर्ने क्षमता विकास गर्दै सुरु हुन्छन । जनतालाई संगठित गर्न र एकता निमार्ण गर्न स्थानीय ,कम जोखिमपूर्ण युक्तिहरु एकदमै महत्वपूर्ण हुनसक्छ । उदाहरणका लागि, गान्धीले भारतमा आफ्नो पहिलो प्रमुख नागरिक प्रतिरोध अभियान सुरु गर्नुअघि, उनले सामान्य जनतासँग भेटघाट र कुराकानी गर्दै, उनीहरुका गुनासो, आशा र डरहरुका बारेमा जान्दै महिनौं र वर्षौं विताए। उनले, उनीहरुको विश्वास र सहयोग जित्नको लागि के गर्नु आवश्यक हुन्छ भन्ने चेतना विकास गरे । उनले मानिसहरुलाई "रचनात्मक काम" मा संलग्न हुन प्रोत्साहन समेत गरे - त्यस्ता सामुदायिक सेवा जसले राज्यप्रति विश्वास गुमाएका तर यसभन्दा अघि प्रतिकार गर्न शक्तिहीन महसुस गरेका व्यक्तिहरुमा आत्मनिर्भरता विकास गर्‍यो ।

एकपटक अभियानहरुले प्रत्यक्ष प्रकारका नागरिक प्रतिरोधमा संलग्न हुनका लागि पर्याप्त क्षमता विकास गरिसकेपछि, प्रायः व्यापक जनतासँग मेल खाने स्थानीय सवालहरु प्रति लक्षित कार्यहरु सुरु गर्छन । उदाहरणका लागि, पोल्याण्डमा ऐक्यबद्धता अभियानको आयोजकहरुले पानीजहाज बनाउने एउटा ठाउँबाट श्रमिक हड्ताल सुरु गरे । जव त्यसले एउटा मुद्दामा विजय प्राप्त गर्‍यो र स्वतन्त्र ट्रेड युनियनको स्थापना गर्‍यो, त्यस विजयले देशैभरि पोलिस जनताहरुमा ठूलो मनोवैज्ञानिक प्रभाव पार्‍यो र आन्दोलनले बल प्राप्त गर्‍यो । त्यसैगरी संयुक्त राज्य अमेरिकाको दक्षिणी क्षेत्रका केहि शहरहरुमा सफल धर्ना र बहिष्कार मार्फत शहरका पसल र बसहरुमा हुने रंगभेद पृथक्करण समाप्त भए पश्चात अमेरिकी नागरिक अधिकार आन्दोलनले गति लियो । ती सफलताहरुसँगै, आन्दोलनले नागरिक प्रतिरोधको शक्ति देखायो र यसले छिट्टै राष्ट्रव्यापी ध्यानाकर्षण र साथ पायो ।

## ३. मैले विरोधहरुको आयोजना कसरी गर्ने ?

एउटा आन्दोलनको रणनीतिक योजनाकारहरुले उनीहरुको लक्ष्यहरु के हुन्, सवल पक्षहरु के हुन्, आफ्नो र विपक्षी आन्दोलनका कमजोरी र क्षमताहरु के हुन्, तथा तेस्रो पक्ष र बाह्य पात्रहरुले के कस्तो सहयोग उपलब्ध गराउन सक्दछन् भन्ने पहिचान गर्नुपर्दछ । जव आन्दोलनले आफ्नो अल्पकालीन, मध्यकालिन र दीर्घकालीन लक्ष्यहरु स्पष्ट रुपमा परिभाषित गर्दछ र यसको स्थितिको विस्तृत र व्यवस्थित तथ्यगत रुपमा विश्लेषण गर्दछ, त्यसपछि कुन युक्तिहरु प्रयोग गर्ने भनेर छनौट गर्न राम्रो स्थितिमा हुन्छ । त्यस समयमा, यदि आन्दोलनले विरोध प्रर्दशनलाई मुख्य युक्तिको रुपमा चुन्दछ र त्यसलाई कसरी सफल बनाउने भन्ने बारे सिक्न चाहन्छ भने, त्यसो गर्नको लागि प्राविधिक र रणनीतिक पक्षहरु बारे विस्तृत विवरण सम्बन्धी धेरै स्रोतहरु उपलब्ध छन् ।

## ४. यदि विरोध नभए के त ?

धेरै जस्तो मानिसहरुले विरोधहरु नागरिक प्रतिरोध आन्दोलनहरुको प्राथमिक क्रियाकलाप हो भनी सोच्दछन् । तथापी, विरोधहरु नागरिक प्रतिरोधीहरुले आफ्ना संघर्षमा प्रयोग गर्नसक्ने विभिन्न प्रकारका धेरै युक्तिहरु मध्ये एक मात्र हो । अहिंसात्मक विधिको छनौटका लागि दुई सयभन्दा धेरै पहिचान

गरिएका युक्तिहरु उपलब्ध छन । विभिन्न प्रकारका बहिष्कारहरु (उपभोक्ता, राजनीतिक र सामाजिक), बन्द, काममा ढिलासुस्ती, शुल्क, भाडा र कर तिर्न इन्कार, याचिका, नागरिक अवज्ञा, धर्ना, नाकाबन्दी र समानान्तर संस्थाहरुको स्थापना आदि नागरिक प्रतिरोधका अन्य युक्तिहरुका केहि उदाहरणहरु हुन् ।

युक्तिहरुको छनौट र क्रमबद्धता आन्दोलनको स्थितिको लेखाजोखाका साथै यसको क्षमता र उदेश्यहरुमा भर पर्दछ । यदि आन्दोलन त्यति धेरै बलियो छैन भने आन्दोलनको क्षमता विकास गर्न, त्यसको सन्देश सञ्चार गर्न, र/वा विपक्षीलाई अवरोध गर्न, बहिष्कार वा अज्ञात रुपमा सांकेतिक प्रदर्शन जस्ता विकृत र कम जोखिम युक्तिहरुका बारेमा सोच्न सकिन्छ । पछिको चरणमा, आन्दोलन एकपटक बलियो भइसकेपछि यसले ऱ्याली, जुलुस, विरोध प्रदर्शन वा बृहत नागरिक अवज्ञा जस्ता बढि केन्द्रित प्रकारका कार्यहरु सञ्चालन गर्न सक्षम हुन्छ ।

यो सम्भन महत्वपूर्ण छ कि, नागरिक प्रतिरोधको सन्र्दभमा मानिसको लागि विरोध प्रायः सवैभन्दा बढी परिचित कृयाकलाप भएता पनि त्यसको मतलब यो होईन कि यो नै एकमात्र र उत्कृष्ट विधि हो । परिस्थितिको आधारमा, अन्य धेरै युक्तिहरु उपलब्ध छन् जसले कम लागतमा आन्दोलनलाई राम्रो परिणाम दिन सक्छन् । कुन युक्तिहरु अपनाउने भन्ने निर्णयका लागि रचनात्मक र रणनीतिक सोच अत्यन्त महत्वपूर्ण हुन्छ ।

## ५. यदि आन्दोलनमा कुनै आकर्षक नेतृत्व छैन भने ?

धेरै ऐतिहासिक आन्दोलनहरुले आकर्षक नेता विना नै प्रभावकारी नागरिक प्रतिरोध सुरु गरेका थिए । दक्षिण अफ्रिकाको रङ्गभेद विरोधी आन्दोलनले ठूलो सफलता प्राप्त गर्दै गर्दा त्यसको नेता जेलमा थिए र आन्दोलनबाट अलग थिए । नागरिकमा आधारित आन्दोलनहरुको नेताहरुमा व्यक्तिगत आकर्षण र बोल्ने क्षमता भन्दा पनि आन्दोलनहरुमा विविध सहभागीहरुलाई कसरी प्रतिनिधित्व गराउन र सुन्ने भन्ने कुरा, वैकल्पिक विधिहरुको जोखिम र लागतको ध्यानपूर्वक लेखाजोखा तथा स्थानीय नेताहरुसँग निर्णयमा साभ्फेदारीको ज्ञान महत्वपूर्ण रहन्छ । सँगसँगै, आकर्षक नेताहरुमा बढी निर्भर हुनुका विशेष जोखिमहरु पनि छन् । कहिलेकाँही यस्ता नेताहरु शासकहरुद्धारा शक्ति साभ्फेदारीका लागि चुनिन सक्छन्, वा उनीहरु पक्राउ पर्न सक्छन् । त्यसैले नेताहरु किनारा लगाइए भने पनि आन्दोलनले नयाँ नेताहरु अघि ल्याउन सकोस भन्नका लागि लचिलो, प्रतिनिधीमुलक आन्दोलनहरु आयोजना गरिन्छ ।

## ६. यदि मैले मेरो देशमा नागरिक प्रतिरोधले काम गर्दैन भन्ने सोच्दछु भने ?

नागरिक प्रतिरोधहरु सधै सफल हुँदैनन् । तर यसले विश्वभरका धेरै देशहरुमा काम गरेको छ जहाँ “विज्ञ” र अन्य व्यक्तिहरु यसले कहिल्यै प्रगति गर्न सक्दैन भन्ने सोच्दथे । चिलीका जर्नेल अगस्टो पिनोचे संसारका सबैभन्दा क्रुर तानाशाहा मध्ये एक मानिएका थिए र उनलाई हटाउन नागरिक प्रतिरोध महत्वपूर्ण हुन्छ भन्ने धेरैले सोचेका थिएनन् ,तर त्यही भयो । “बाल्कानहरुको कसाही” उपनाम पाएका सर्बियाका तानाशाहा ल्सोवादान मिलोसेविच अहिंसात्मक दबावको कारण पदबाट बाहिरिन बाध्य हुनेछन् भनेर थोरैले मात्र आशंका गरेका थिए होलान । यधपी, जव मिलोसेविचले सन् २००० मा आफ्नो बर्हिगमनका लागि आव्हान गर्दै प्रदर्शन गरिरहेका लाखौं जनताहरुलाई दवाउन आफ्नो फौज र प्रहरीलाई आदेश दिए, उनको सुरक्षा बलले आफ्ना संगी नागरिकको विशाल परिचालनमाथि प्रहार गर्ने उनको आदेशको पालना गर्न इन्कार गरे । त्यसपछि मिलोसेविचसँग पछि हट्नु सिवाय अन्य कुनै विकल्प रहेन ।

olb tkfO{ cem} klg gful/s k|lt/f]wn] tkfO{sf] kl/l:yltdf sfd u5{ ls ub}{g egL] clglZrt x'g'x'G5 eg], oyfy{k/s ;+efljt ljsNkx? ;f]Rg'xf]; M leq}af6 /fhgLlts Joj:yfnfO{ ;'wf/ ug]{, lgjf{rgdf ;xefuL x'g], sfg"gL k|0ffnL lj?4 oflrsf lbg], lj/f]wLx?;+u jftf{ / ;+jfbdf ;+nUg x'g], cGt/f{li6«o ;d'bfonfO{ ;dy{gsf] nflu ckLn ug]{, / ;z:q ljb|f]xsf] k|of; cflb ;a} ljsNkx? x'g\ h'g ljZjsf ljleGg 7fFpx?df k|of;÷kl/If0f ul/Psf] lyof] . hals gful/s प्रतिरोध सफल हुन्छ भन्ने निश्चित छैन, अन्य कुनै संभावित विधि सफल हुनेछ भन्ने पनि निश्चित छैन ।

त्यसपछि विपक्षी वा विरोधी समूहहरुले व्यापक समर्थन प्राप्त गर्नसक्ने उच्चतम सम्भावना भएका विधि छनौट गर्ने, दमनकारीको वैधतालाई चुनौती दिने, दमनबाट बच्ने अथवा त्यसलाई निष्प्रभावी बनाउने र विधमान प्रणालीको रक्षा गर्नेहरु बीच बिभाजन सिर्जना गर्ने किसिमका विधिहरु छनौट गर्ने निर्णय लिनुपर्छ । इतिहासमा त्यस्ता धेरै विरोधी समूहहरु छन् जसले यी विकल्पहरु अपनाउँदै नागरिक प्रतिरोधमा संलग्न भएका थिए, यद्यपी कहिलेकाहीँ राजनीतिक परिवर्तन गर्ने अधिक पारंपरिक कार्यहरु जस्तै निर्वाचनहरु, कानूनी चूनौतीहरु, वार्ताहरु, भित्रैबाट प्रणाली सुधारको लागि यसको प्रयोग गरिएको थियो ।

## ७. यदि मेरो विरोधीले हिंसा प्रयोग गरे भने ?

तपाईले अपेक्षा गर्नुपर्दछ कि कुनै बिन्दुमा तपाईको विरोधीले हिंसाको प्रयोग गर्नेछन् । ऐतिहासिक रुपमा लगभग सधैं नै यस्तै हुँदैआएको छ । तरपनि विरोधीले हिंसा प्रयोग गर्दैमा नागरिक प्रतिरोध आन्दोलनहरु असफल भयो भन्ने हुँदैन । हिंसाको प्रभावकारीतालाई कम गर्न र दमनकारीकै विरुद्धमा प्रतिघात गर्न नागरिक प्रतिरोध आन्दोलनले हिंसात्मक दमनको विभिन्न तरीकाबाट सामना गर्दछन् ।

पहिलो, हिंसात्मक दमन रोक्न वा छल्न नागरिक प्रतिरोध आन्दोलनहरुले ती युक्तिहरु प्रयोग गर्न सक्छन् जुन हिंसाद्वारा दमन गर्न कठिन हुन्छ । उदाहरणका लागि उपभोक्ताद्वारा बहिष्कार जसमा मानिसले निश्चित लक्षित उत्पादन खरिद गर्न चाहँदैनन्, यसलाई दबाउन एकदमै कठिन हुन्छ किनभने यीनीहरु विकेन्द्रित हुन्छन् र यसमा को सहभागी छन् र को सहभागी छैनन् भनी किटान गर्न शासकलाई कठिन वा असम्भव हुन्छ । यदि विरोध प्रदर्शन वा अन्य सार्वजनिक तथा केन्द्रिकृत युक्तिहरु दवाइरहेको छ भने गैर राजनितिक प्रतिरोधहरु वा विकेन्द्रित र गैर भौतिक युक्तिहरु जस्तै कर, भाडा र शुल्क तिर्न इन्कार वा अझ आमहड्ताल पनि आन्दोलनका लागि उपयुक्त विकल्पहरु हुनसक्छन् ।

दोस्रो, विपक्षीको दमनलाई प्रतिघातमा बदल्न नागरिक प्रतिरोध आन्दोलनहरुले नविनतम युक्तिहरुको प्रयोग गर्नसक्छन । दमनलाई विश्वसामु खुलासा गरिदिने, र दमन बारे फोटो र कथा सहित देश भित्रै प्रचार गर्नाले दमनलाई अन्तर्राष्ट्रिय प्रतिष्ठा र लगानीका सन्दर्भमा, आन्दोलन भन्दा पनि अझ महंगो बनाउन सक्छ । सबै दमनले प्रतिघात गर्दैन, तर जव आन्दोलन जटिल बन्दै जान्छ, लम्बिँदै जान्छ वा घृणित प्रकृतिका दमनका निश्चित कार्यहरुको पर्दाफास हुन्छ, त्यसको परिणाम स्वरुप अन्तराष्ट्रिय र जनसमर्थनको व्यापक क्षयीकरण हुन सक्छ ।

तेस्रो, नागरिक प्रतिरोधका थुप्रै घटनाहरु छन, जस्तै सन् १९८६ मा फिलिपिन्समा, सन् १९८८ मा चीलीमा, सन् २००० मा सर्वियामा र सन् २००४ मा युक्रेनमा, जहाँ सुरक्षा बलका सदस्यहरुले प्रतिपक्षीलाई समर्थन गरेका थिए , जसले सत्ता पक्षको दमन गर्ने क्षमतालाई कम वा प्रभावकारी रुपमा समाप्त पारेको थियो । यी सुरक्षा बलहरुको पक्ष परिर्वतन प्रतिरोध आन्दोलनहरुले सुरक्षा बलहरुको सत्तापक्ष प्रति वफादारीलाई परिर्वतन गर्ने योजना बनाई लामो समयको प्रयासबाट सुनियोजित ढंगले ल्याइएको थियो ।

> "त्यसैले यो दमन प्रत्युपादक थियो । किनकि त्यो न्युटनको तेस्रो नियम, क्रिया र प्रतिक्रिया, जस्तै थियो । जब तिमिले दमनको स्तर बढाउँछौ, प्रतिरोध पनि बढ्दै जान्छ ।"
>
> **– इभान मारोभिच**

## ८. यदि मेरो विरोधीलाई सम्झाउन सकिएन भने ?

जितका लागि दमनको लागि जिम्मेवार कट्टरपंथीहरुलाई मनाउनै पर्छ भन्ने आवश्यक छैन । तर, तपाइँको विरोधीका केहि समर्थकहरुलाई मनाउन भने जरुरी हुन सक्छ ।

याद गनुहोस्, नागरिक प्रतिरोध शक्तिशाली हुन्छन किनभने यसले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा दमनलाई सहयोग पुग्नेगरी कार्य गरिरहेका हजारौं अथवा लाखौं व्यक्तिहरुको विश्वास र व्यवहारमा परिवर्तन ल्याँउछ । जब तपाईको विपक्षीको शक्तिका स्रोतहरु कमजोर हुन्छन्, त्यसपछि उ राजी हुन्छ वा हुदैन भन्ने कुराले धेरै फरक पार्दैन । उसको शक्ति त्यो हदसम्म कम भैसकेको हुन्छ कि उसले अबको परिणाम नियन्त्रण गर्न सकिँदैन भन्ने महसुस गर्दछ र त्यसैकारण उ नयाँ व्यवस्था परिर्वतनको लागि वार्ता गर्न बाध्य हुन्छ ।

उदाहरणको लागि सन् १९८५ मा दक्षिण अफ्रीकाको पोर्ट एलिजावेथ शहरमा रङ्गभेद विरोधी आन्दोलनले गरेको गोराहरुद्धारा संचालित व्यापार बहिष्कारले यति ठूलो नोक्सान पुऱ्यायो कि गोराहरुले नै नीति परिवर्तनको लागि सरकारलाई दबाव दिन थाले । ती व्यापारीहरु आन्दोलनका उदेश्यहरुसँग सहमत हुनका लागि राजि भएका नहुन सक्छन तर उनीहरुले सरकारको दमनलाई समर्थन गरिरहनु भन्दा आन्दोलनका केहि मागलाई स्वीकार गर्नु उचीत हुने महसुस गरे ।

> "वास्तवमा त्यो आमसंगठन नै थियो जसले दक्षिण अफ्रिकामा परिवर्तन ल्यायो... जसले राज्यमाथि दवाव दियो............अन्ततः परिवर्तनका लागि.......त्यो गतिरोध जसलाई राज्यले सम्बोधन गर्न सकेन ।"
>
> **– डा.जेनेट चेरी**

**९. यसले लामो समय लिने छ। यदि हामीले पर्खन सकेनौ भने ?**

नागरिक प्रतिरोधले प्रभाव पार्न सधै लामो समय लिदैन । फिलिपिन्समा, तानाशाह फर्डिनान्ड मार्कसलाई पदच्युत गर्न त्यहाँको प्रतिपक्षलाई केहि बर्ष मात्र लागेको थियो जबकि ऐक्यवद्धता आन्दोलनले सुरु भएको लगभग १० वर्षमा पनि शक्ति प्राप्त गर्न सकेको थिएन । नागरिक प्रतिरोधमा सफलताको निर्धारक वितेको समय अवधी होइन बल्कि आन्दोलन संगठित र त्यसको कार्यहरु रणनितीक छन् कि छैन भन्ने हो ।

**१०. हामी कसरी जित्न सक्छौं ?**

यदि तपाईको अभियान वा आन्दोलनले लोकप्रिय एकता, सावधानी योजनाहरु र अहिंसात्मक अनुशासन विकास गर्दछ भने तपाईसंग जित्ने संभावना बलियो हुन्छ ।

एकता महत्वपूर्ण हुन्छ किनभने प्रतिरोधी आन्दोलनहरु तबमात्र शक्तिशाली हुन्छ जब त्यसले अधिकांशको प्रतिबद्धता र चाहनाको प्रतिनिधत्व गर्छ । आन्दोलनमा सहभागिता स्वैच्छिक हुन्छ भन्ने सम्झनु महत्वपूर्ण हुन्छ । मानिसहरु यसमा सहभागी हुन्छन् र जोखिम उठाउँछन् किनभने उनीहरुले आन्दोलनमा विश्वास गर्छन् । तथापी, यदि त्यसमा एकता छैन भने, उद्देश्यमा स्पष्टता छैन वा संदेह छ भने, धेरैले सहभागी नहुन रुचाउँछन । सामान्यतया, सफल नागरिक प्रतिरोध आन्दोलनहरुले महिला, पुरुष, बालबालिका, वयस्क, वृद्धावृद्धा, विभिन्न धर्म र जनजातीका मानिसहरु, विद्यार्थी, श्रमिक, बौद्धिक वर्ग, व्यापारिक समुदायका सदस्यहरु आदि सवैलाई एकसाथ ल्याएका छन् ।

योजना आवश्यक छ किनभने नागरिक प्रतिरोध भनेको अभियान, आन्दोलन वा नागरिक समाज जस्ता अभियानकर्ता र यसका विपक्षी बीचको एउटा प्रतिस्पर्धा हो । यस्तो प्रतिस्पर्धामा, आन्दोलनले संगठित गरेको शक्तिलाई स्वरुप दिन र निर्देशित गर्न संगठन र रणनिति आवश्यक हुन्छ । नागरिक प्रतिरोधमा, नेतृत्वले विभिन्न रणनिति तथा युक्तिपूर्ण निर्णयहरु लिन्छन, जस्तै स्रोतहरु कसरी जुटाउने भन्ने कुराको मूल्यांकन गर्ने, त्यस्ता स्रोतहरुको सदुपयोग कसरी गर्ने, विरोधीको कमजोरीबाट कसरी फाइदा लिने र विरोधीका प्रतिउपायहरुको प्रयोगबाट कसरी बच्ने आदि । सही निणर्यहरु सायदै अकस्मात गरिन्छ । राम्रो योजना बनाउनका लागि दुई प्रकारको ज्ञानको आवश्यकता पर्दछ । पहिलो, रणनीतिकर्ताहरुलाई उनीहरुले भोगिरहेको राजनीतिक, आर्थिक र सामाजिक अवस्थाको विस्तृत ज्ञान आवश्यक हुन्छ र उनीहरुले समाजको विभिन्न समूहहरुको चासो र आकांक्षाहरु बुझ्नु आवश्यक हुन्छ । दोस्रो, आन्दोलनका रणनीतिकर्ताहरुले नागरिक प्रतिरोधले कसरी काम गर्दछ भन्ने बारे जान्न आवश्यक छ, जुन व्यक्तिगत अनुभव, विभिन्न स्रोतहरु जस्तैः पुस्तक, चलचित्र र इन्टरनेट, तथा अरु नागरिक प्रतिरोध र राजनीतिक संगठनमा अनुभव भएका व्यक्तिहरुसँगको संवाद आदिबाट सिक्न सक्छन् ।

अहिंसात्मक अनुशासन महत्वपूर्ण हुन्छ किनभने आन्दोलनमा हिंसाको प्रयोगले प्रायः दमन सिर्जना र त्यसको औचित्य प्रमाणित गर्नुका साथै प्रतिरोधको प्रभावकारीतालाई कमजोर बनाउँछ, । त्यसमाथि,

जब प्रतिरोधी आन्दोलनहरु हिंसात्मक घटनामा संलग्न हुन्छन्, त्यसले प्रायः हिंसाको स्वभाविक जोखिम उठाउन नचाहने मानिसहरुको सहभागिता गुमाउँछ । अन्त्यमा, जब आन्दोलनले प्रहरी र सेना विरुद्ध हिंसा प्रयोग गर्दछ, तब सत्ताको रक्षकहरुको वफादारहरुलाई विभाजन गर्न असंभव हुन्छ र ती रक्षकहरुको आन्दोलन प्रतिको अव्यक्त साहानुभूति पनि सम्भवतः गुम्छ । यो नागरिक प्रतिरोधको मर्म बिपरीत हुन्छ-जसले सबै पृष्ठभूमिका आममानिसहरुको साहसलाई आह्वान गर्दै एउटा लहर सिर्जना गर्छ, जसमा आन्दोलनको उद्देश्य सबैका लागि लाभदायक एउटा स्वतन्त्र र उत्कृष्ट समाज सिर्जना गर्नु हो, जुन ब्यवस्थाको अन्त्य चाहनेहरुका लागि जति आकर्षक छ त्यति नै आकर्षक विधमान शक्ति-धारकहरुका रक्षकहरुका लागि पनि हुन्छ, ।